म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- १४९ २०८१ वैशाख ८ गते शनिबार 20 April 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता,
गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"


विद्यार्थी भर्ना अभियान-२०८१

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

### आधुनिक राष्ट्रिय माविमा आकर्षण

## प्रवेश परीक्षामा एक हजार विद्यार्थी सहभागी



*प्रवेश परीक्षामा सहभागी विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविमा भर्ना हुन एक हजार विद्यार्थीले प्रवेश परीक्षा दिएका छन् । विद्यालयमा भर्ना हुन इच्छुक एक हजार दुई सय विद्यार्थीले फारम भरेका थिए । शुक्रबार बिहान ११ बजे प्रवेश परीक्षा लिइएको थियो । पूर्वप्राथमिक तहदेखि ९ कक्षासम्म नयाँ भर्ना हुन उल्लेख्य संख्यामा विद्यार्थी सहभागी भएका हुन् ।

विद्यालयले कक्षागत प्रवेश परीक्षा लिएको छ । विद्यालय २ घण्टाको परीक्षा लिएको थियो । प्रवेश परीक्षा दिएका मध्ये झण्डै आधा संख्याका विद्यार्थी मधेश प्रदेशका छन् । प्रवेश परीक्षाको नतीजा शनिबार प्रकाशन गरिने विद्यालयले जनाएको छ । विद्यालयले करिब ४ सय विद्यार्थी मात्रै भर्ना गर्न सक्ने जनाएको छ । कक्षाकोठा, जनशक्तिको अभावका कारण अभिभावकको इच्छा र आकर्षणका बाबजुद पनि सीमित संख्यामा मात्रै विद्यार्थी भर्ना गर्नुपर्ने अवस्था रहेको प्रधानाध्यापक रामसागर गुरागाईले जानकारी दिनुभएको छ । यस वर्ष मकवानपुर जिल्लाका विद्यार्थीको संख्या बढी रहेको उहाँको भनाइ छ ।

"हामीसँग भौतिक संरचना, जनशक्ति र स्रोत साधनको सीमितता छ । त्यसैले गत शैक्षिक सत्रमा बीचमै विद्यालय छाडेका र वार्षिक परीक्षापछि विद्यालय छाड्ने सीमित सिटमा मात्रै नयाँ विद्यार्थी भर्ना गर्न सक्छौं", प्रधानाध्यापक रामसागर गुरागाईले भन्नुभयो, "गत शैक्षिक सत्रमा ३५ जना विद्यार्थीले मात्रै बीचमै पढाई छाडेका छन् । वार्षिक परीक्षापछि विद्यालय छाड्ने सीमित संख्यामा मात्रै नयाँ विद्यार्थीलाई भर्ना गर्न सकिने अवस्था छ ।"

सबैभन्दा बढी ८ कक्षामा भर्ना हुनका लागि दुई सय २० जनाले विद्यार्थीले प्रवेश परीक्षा दिन फारम परेका थिए । यस वर्षको एसईईमा ३ सय ३७ जना विद्यार्थी सहभागी भएको आधुनिक राष्ट्रिय माविमा यस वर्ष ९ कक्षाबाट १० कक्षामा ४ सय ७ जना विद्यार्थी उत्तीर्ण भएका छन् । १२ कक्षासम्म पठनपाठन हुने आधुनिक राष्ट्रिय माविमा दुई हजार पाँच सय भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

## भर्ना अभियानमा शिक्षक, विद्यार्थी, अभिभावकसँगै मन्त्री पनि




*विद्यार्थीसँगै भर्ना अभियानमा सहभागी मन्त्री एका लाल श्रेष्ठ ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको सिचाई, खानेपानी तथा उर्जा मन्त्री एका लाल श्रेष्ठ विद्यार्थी भर्ना अभियानअन्तर्गत शिक्षक, विद्यार्थी, अभिभावकसँगै घरदैलो कार्यक्रममा सहभागी हुनुभएको छ । हेटौंडा-१२ स्थित बुद्ध मावि र हेटौंडा-१३ स्थित महेन्द्र माविका शिक्षक, विद्यार्थी, अभिभावकसँग मन्त्री श्रेष्ठ भर्ना अभियानमा सहभागी हुनुभएको हो ।

बिहिबार बुद्ध माविका शिक्षक, विद्यार्थी, अभिभावकसँग घरदैलो अभियानमा हिँड्नुभएका मन्त्री श्रेष्ठ शुक्रबार बिहान महेन्द्र माविका शिक्षक, विद्यार्थी, अभिभावकसँग घरदैलो अभियानमा सहभागी हुनुभएको हो । भर्ना अभियानअन्तर्गत घरदैलो कार्यक्रममा सहभागी हुन मन्त्री आउनुभएपछि विद्यालय प्रधानाध्यापकले विद्यालयको वस्तुस्थिति, आगामी योजना, विद्यालयका चुनौति र प्रयासहरुबारे जानकारी गराएका थिए । मन्त्रीको सहभागिताले शिक्षक, विद्यार्थी, अभिभावकमा उत्साह देखिएको थियो ।

बिहिबार र शुक्रबार बिहान भर्ना अभियानमा सहभागी हुने क्रममा मन्त्री श्रेष्ठले राज्यको लगानी रहेको सामुदायिक विद्यालयको सुधारमा समुदायको चासो रहनुपर्ने बताउनुभएको छ । उहाँले विद्यालय शिक्षाका लागि प्रदेश सरकारबाट हुनुपर्ने काममा आफ्नो सकारात्मक भूमिका रहने पनि बताउनुभएको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षकहरुको भूमिका महत्वपूर्ण हुने उहाँले स्पष्ट पार्नुभयो । शुक्रबार बिहानको घरदैलो अभियानमा वडा अध्यक्ष पेम्बा लामाको पनि उपस्थिति रहेको थियो ।

## मकवानपुरका तीन जनालाई स्वर्ण पदक



समाज संवाददाता

हेटौंडाः केन्द्रीयस्तरको राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा मकवानपुरका तीन जनाले स्वर्ण जितेका छन् । एथलेटिक्सतर्फ डीना गोपाली, जिकेश सापकोटा र सुविन भ्लोनले स्वर्ण जितेका हुन् ।

डीनाले महिलातर्फको रिले चार सय मिटर दौडमा महिलातर्फ स्वर्ण जितेकी हुन् भने सापकोटा र भ्लोनले पनि रिले चार सय मिटर दौडमा स्वर्ण जितेका हुन् । सापकोटा र भ्लोन एकै समूहका हुन् । सापकोटा र गोपालीले एक सय मिटर र दुई सय मिटरमा दौडेका थिए । यस्तै, भ्लोनले लङजम्पमा सहभागी भएका थिए । तेक्वान्दोतर्फ मकवानपुरकी समीक्षा नेगीले ५२ केजीमा कास्य पदक जितेकी छन् ।

गत मंगलबारदेखि बिहीबारसम्म आयोजना भएको प्रतियोगितामा १९ स्वर्ण, १२ रजत र १८ कास्यसहित सुदूरपश्चिम प्रथम भएको छ भने १८ स्वर्ण १३ रजत र १५ कास्यसहित बागमती प्रदेश द्वितीय भएको छ ।

## मकवानपुर प्रहरीले जफत गरेका सवारी साधन लिलामी गर्दै

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुर (जिप्रका) ले जफत गरेका सवारी साधनहरु लिलामी बिक्री गर्ने भएको छ । शुक्रबार एक सूचना प्रकाशित गर्दै जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालले सवारी साधनहरुको लिलाम बिक्री गरिने बताउनुभयो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न समयमा जफत गरेका वेवारिसे मोटरसाइकल १ सय ५४ वटा, सरकारी सवारी साधनहरु जीप दुई वटा र मोटरसाइकल एउटा रहेका छन् । यस्तै, मेशिनरी सामानहरु टिभी ७ थान, प्रिन्टर ४ थान, युपिएस १ थान र मेघाफोन १४ थान रहेका छन् । वेवारिसे मोटरसाइकलहरुको मूल्य ६ लाख ८१ हजार ३ सय ४० रुपैयाँ, तीन वटा सरकारी साधनहरुको १ लाख २७ हजार ९ सय ४८ र मेशिनरी सामानहरुको ९ हजार ९ सय रुपैयाँ न्यूनतम मूल्य तोकिएको छ ।

उक्त सामग्रीहरु खरिद गर्न १५ दिनभित्र जिल्ला प्रहरी कार्यालय मकवानपुरको आर्थिक प्रशासन शाखामा उपस्थित भएर कोटेशन लिन सकिने जनाइएको छ । जिप्रका मकवानपुरका प्रहरी उपरीक्षक रिजालले जफत भएका तीन वटा सरकारी सवारी साधनहरु पनि नचल्ने अवस्था रहेकाले लिलामीमै बिक्री गर्न लागेको बताउनुभयो । उक्त सामग्रीहरु अब कवाडको रुपमा जानेछ । कुनै कागजात नभएका कारण चलाउन पनि नमिल्ने भएकाले उक्त साधनहरु अब कवाडका काम प्रयोग हुनेछ ।

एसईई सकियो

एक साताको आराम पनि सकियो






नतीजा आउन झण्डै २ महिना बाँकी छ ।
फुर्सदको समय सदुपयोग गर्ने
र
सञ्चार क्षेत्रमा भविष्य खोज्ने तपाइँका लागि
हामी साथ दिन सक्छौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


९८५५०६८२२७

समृद्ध समाज राष्ट्रिय दैनिक


हेटौंडा, मकवानपुर

# परीक्षा किन आवश्यक छ ?

**आफ्नो योग्यता जाँच्ने कसी परीक्षा नै भएकाले यस बेला सबैले अत्यन्त सजगतापूर्वक आफूभित्र रहेको प्रतिभा देखाउनुपर्दछ । यस्ता बेलामा अमर्यादित कामहरू गर्नुहुँदैन । यस्ता बेलामा होस नपुऱ्याउँदा जीवनभर दुःख पाउनुपर्ने अवस्था पनि आइलाग्न सक्तछ । परीक्षामा लापर्वाही गर्नु भनेको आफ्नो जीवनसित खेलबाड गर्नु पनि हो ।**



**सरोजप्रसाद साह**



परीक्षा हामीले हामीलाई प्रमाणित गर्ने अवसर हो । 'परीक्षा' भनेको कसैको योग्यता, विशेषता, सामर्थ्य, गुण आदिको ठीकसित पारख गर्ने काम हो । कुनै वस्तुको गुण, दोष आदिको अनुभव गर्नका निम्ति गरिने प्रयोग पनि परीक्षा नै हो । परीक्षा लिने-दिने कार्य जहिले पनि चुनौतीपूर्ण हुन्छ । मानिसका जीवनमा परीक्षाको घडी बारम्बार आइरहन्छ । जीवनयापनका क्रममा आइपर्ने अनेकौं कठिन परिस्थितिलाई नै परीक्षाको घडी मान्न सकिन्छ । यस्ता परीक्षाका घडीलाई सहज ढङ्गले पार गर्न सक्ने मानिसले नै जीवनमा सफलता पाउन सक्छ । परीक्षाको घडीबाट सहजै पार पाउने व्यक्ति महान् पनि बन्दछ । त्यसैले हरेक व्यक्तिको योग्यता, चरित्र, व्यवहार, ज्ञान, सीप, गुण आदिको परीक्षा निरन्तर भइरहने गर्दछ । उहिले सीताको सतीत्वको जांच गर्नका लागि अग्निपरीक्षा लिइएको थियो अनि दानशील राजा शिविको पनि परीक्षा लिइएको थियो । यिनीहरु ती परीक्षामा सफल भएकै कारण अमर एवं महान् बनेका हुन् भन्ने कुरा हामीलाई थाहै छ ।

'परीक्षा' भन्ने शब्दले खास गरी शैक्षिक क्षेत्रमा व्यापकता पाएको छ । विद्यार्थीको योग्यता जाँच गर्ने काम नै परीक्षा हो । यसैका माध्यमबाट कुनै पनि विद्यार्थीको शैक्षिक योग्यता ठम्याउने गरिन्छ । विद्यार्थीले प्रत्येक तहको परीक्षा उत्तीर्ण गरी आफ्नो औपचारिक शिक्षा पूरा गर्दछ । स्कुल र क्याम्पसमा वर्ष वर्ष दिनमा पठनपाठन समाप्त भएपछि प्रत्येक तहको परीक्षा लिइन्छ र त्यस्ता परीक्षामा उत्तीर्ण हुने विद्यार्थीले मात्र माथिल्लो तहमा पुग्ने सौभाग्य पाउँछ । यस प्रकार प्रत्येक तहको परीक्षामा सजिलैसँग पार पाउने विद्यार्थीको भविष्य उज्ज्वल हुने कुरा सुनिश्चित छ । निश्चित शिक्षा प्राप्त गरिसकेपछि कुनै पनि व्यक्ति स्वत: शिक्षित कहलिन्छ । हामी सबैले आ-आफ्नो रुचिअनुसारका विषयहरू पढेर हरेक तहको परीक्षामा उत्तीर्ण भई आफ्नो भविष्य सुधार्न लागिपर्नुपर्छ ।

परीक्षा दिने व्यक्तिलाई परीक्षार्थी भन्ने गरिन्छ । परीक्षार्थीका लागि परीक्षाको समय अति नै महत्वपूर्ण हुन्छ । सबै परीक्षार्थीले परीक्षाका लागितोकिएको समयको महत्वलाई बुझेर परीक्षा दिनुपर्ने हुन्छ । यस्तो समयलाई कदापि त्यसै खेर फाल्नुहुँदैन । आफ्नो योग्यता जाँच्ने कसी परीक्षा नै भएकाले यस बेला सबैले अत्यन्त सजगतापूर्वक आफूभित्र रहेको प्रतिभा देखाउनुपर्दछ । यस्ता बेलामा अमर्यादित कामहरू गर्नुहुँदैन । यस्ता बेलामा होस नपुऱ्याउँदा जीवनभर दु:ख पाउनुपर्ने अवस्था पनि आइलाग्न सक्तछ । परीक्षामा लापर्वाही गर्नु भनेको आफ्नो जीवनसित खेलबाड गर्नु पनि हो । त्यसैले परीक्षाका समयमा कुनै किसिमको गलत कदम उठाउनुहुँदैन ।

परीक्षा तीन प्रकारको हुन्छ- लिखित, मौखिक र प्रयोगात्मक । सोधिएका प्रश्नको उत्तर लेखेर दिनुपर्ने प्रकारको परीक्षा लिखित परीक्षा हो भने सोधिएका प्रश्नको उत्तर मुबैले दिनुपर्ने प्रकारको परीक्षाचाहीँ मौखिक परीक्षा हो । कुनै विषयका सम्बन्धमा नयाँ तथ्य पत्ता लगाउनका लागि प्रयोगशालाभित्र वा कतै अन्यत्र जाँच वा परीक्षण गरिने परीक्षा प्रयोगात्मक परीक्षा हो । परीक्षार्थीले यिनै तीन प्रकारका परीक्षा दिएर आफ्नो योग्यता देखाउँछ ।

परीक्षा दिँदा परीक्षार्थीले निकै चनाखो हुनुपर्दछ । परीक्षाका समयमा कदापि आत्तिनुहुँदैन । यस घडीमा दरो आत्मविश्वासका साथ सोधिएका प्रश्नको उत्तर लेख्न सक्नुपर्दछ । सर्वप्रथम त सोधिएका प्रश्नलाई राम्ररी पढेर बुझ्नुपर्दछ अनि अत्यन्त सरल किसिमले तिनको सटीक उत्तर दिनुपर्दछ । परीक्षा दिँदा समयको सही ढङ्गले सदुपयोग गर्नु पनि अत्यावश्यक हुन्छ । समयको ख्याल गरेर लेख्न सक्नु असल विद्यार्थीको लक्षण हो । कुनै पनि प्रश्नले अपेक्षा गरेअनुरूप नै त्यसको उत्तर दिनुपर्दछ: अनावश्यक वा प्रश्नले चाहेभन्दा फाल्तू कुरा लेख्नुहुँदैन । धेरै लेख्ता बढी अङ्क पाइन्छ भनेर अनावश्यक रुपमा लामो उत्तर लेख्नु पनि मूर्खता हो । परीक्षा दिँदा हतार गर्नुहुँदैन किनभने कहिलेकाही हतारिएर लेख्ता उत्तर उल्टो वा गल्ती पनि हुन सक्छ । त्यसैले परीक्षा दिँदा कहिल्यै पनि हेलचेक्र्याइँ गर्नुहुँदैन ।

पढाइका अतिरिक्त हामीले अन्य क्षेत्रमा पनि परीक्षा दिनुपर्ने हुन्छ । खास गरी जागिर खानका लागि परीक्षा नदिई हुँदैन । सरकारी, गैरसरकारी क्षेत्रलगायत अरू जुनसुकै क्षेत्रमा जागिर पाउनका लागि परीक्षा दिनै पर्दछ । यसरी जागिरका लागि दिइने परीक्षा लिखित र मौखिक नै हुन्छन् अनि कहीं प्रयोगात्मक परीक्षासमेत दिनुपर्ने हुन्छ । लिखित परीक्षामा पास भएपछि मौखिक परीक्षा वा अन्तर्वार्ता दिनुपर्दछ । कुनै पनि परीक्षा दिँदा परीक्षार्थीमा आत्मविश्वास, धैर्य, निर्भीकता, चातुर्य आदिजस्ता कुराहरु हुनु जरुरी हुन्छ । यस्ता कुराहरुले जो कोहीलाई पनि परीक्षारूपी भयाङ चढी सफलताको शिखरमा पुग्न सघाउ पुग्दछ ।

परीक्षाकै माध्यमबाट कुनै पनि व्यक्तिले आफूलाई विभिन्न क्षेत्रमा दक्ष रहेको देखाउन सक्तछ । परीक्षाले नै प्रत्येक व्यक्तिको दक्षतालाई नाप्ने जोख्ने काम गर्दछ । कुनै पनि व्यक्तिको चरित्र, स्वभाव, व्यवहार आदिको परीक्षा बेलाबेलामा भइरहेकै हुन्छ । त्यसैले हरेक व्यक्तिले आफूलाई चरित्रवान् देखाउन हरपल सचेत रहनु आवश्यक छ । कसैले पनि आफूलाई असल छोरो-छोरी, आमा-बाबु, गुरुचेलो अनि देशको असल नागरिकका रूपमा उभ्याउन परीक्षाका अनेकौं घडी पार नगरी हुँदैन । जीवनमा आइपर्ने अनेकौं परीक्षाका घडीमा पार पाउन सक्ने व्यक्ति साँच्चै महान् बन्न सक्तछ । त्यसैले परीक्षा डराउने हैन लड्ने घडी हो ।

# विश्वासघात (लघुकथा)



**श्यामप्रसाद श्रेष्ठ**

"डाक्टर साहेब ! तपाईको गुणको अनुगृहीत हुन चाहन्छु भनी हिजो भनेको थिएँ । तर म अनुग्रहित हुन्न चाहन्न । तपाईको गुण तपाई नै फिर्ता लिनुहोस ! अनि हिजो दिएको सम्पूर्ण हार्दिक आभार फिर्ता लिन चाहन्छु !" अस्पताल भित्र डाक्टरको अगाडि उभिंदै एक व्यक्तिले आक्रोशित हुँदै भने ।"

"तपाईं किन यतिबिघ्न रिसाउनु भएको ? तपाईं जन्मजात अन्धो हुनुहुन्थ्यो, मैले शल्यक्रिया गरेर यति धेरै सुन्दर संसार देखाई दिएँ । अनि मैले के अपराध गरेँ र ?"

"तपाईंले हिजो मात्र हैन, अहिले पनि झुठो कुरा गरिरहनु भएको छ । तपाईले मलाई विश्वासघात गर्नु भयो !"

"भन्नू होस मैले कसरी विश्वासघात गरेँ ?"

"डाक्टर साहेब ! तपाईले शल्यक्रिया गरेर सुन्दर संसार देखाई दिन्छु भन्नु भएको होइन ?"

डाक्टरले आश्चर्य मान्दै भन्यो, "हो मैले भनेको थिएँ, किन देख्नु भएन र ?"

"हो, मैले देखेँ ! तर तपाईले भन्नू भए जस्तो सुन्दर संसार कहिँ देखिन । यहाँ त मैले विकृत राजनीतिक, सामाजिक, धार्मिक, साँस्कृतिक अवस्थाको सगरमाथा देखेँ । म यो हेर्न सक्दिनँ । मलाई फेरि पहिले जस्तै अन्धो बनाई दिनुहोस्, डाक्टर साहेब ! "


*हेटौँडा, मकवानपुर*





सृष्टी श्रेष्ठ
एलकेजी, लिटिल बड्डी प्रि-स्कुल, हेटौँडा-४

# चित्रकला







अनुशन्स श्रेष्ठ
नबोदय शिशु सदन, कक्षा -२






सुयोग श्रेष्ठ
कक्षा-४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४





दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौँडा-५

# गुरू



**आरोही पौडेल**

गुरु नै हो सबै वेद
गुरु नै हो सबै पुराण
गुरुलाई गर्नु सभ्य सम्मान
गुरु नै हो जीवनको आधार ।।

न त कसैलाई धनी देख्छ
न त कसैलाई गरीब
न त कसैलाई आफ्नो भन्छ
न त भन्छ पराई ।।

आफू जति दुःखी भएपनि
शिष्यलाई सुखी बनाउँदछ
मैनबत्ती जस्तै बलेर आफैं
ज्ञानको ज्योति फैलाउँछ ।।

आदर्श व्यवहार हुन्छ गुरुको
सागर जस्तै हुन्छ ज्ञान
कसैलाई बनाउँदछ डाक्टर
कसैलाई बनाउँदछ महान् ।।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# 'मऱ्यो भनिदिनु'



**रितिसा सापकोटा**

कत्ति नमिठो शब्द छ है 'मर्यो' ?
अस्ति सपना मर्यो, हिजो इच्छाहरु अनि हेरन आज त मान्छे नै मर्यो
भोली प्रशनहरु उठ्लान कसरी, के गरी, के लाई भन्दै
तिमी यही कविता पढ्दै मुस्कुराउककदै मर्यो भनिदिनु ।

कस्तो थियो त मान्छे भनि सोध्लान् कसैले
तिमी घमन्डमा पर्यो भनिदिनु
रिस नाककै टुप्पोमा थियो, त्यही रिसले लग्यो भनिदिनु
शब्द भन्दा पहिले अककासु बग्थ्यो, सायद त्यही अककासुमै बग्यो भनिदिनु
भोली पक्कै चर्चा चल्छ गाउँमा, तिमी मुस्कुराउँदै मर्यो भनिदिनु ।

समाधीमा कोही थिएन्न किन भनी सोध्लान कसैले
तिमी एक्लोपनले नै लग्यो भनिदिनु
साथी, सहेली कोही थिएन्न सायद त्यही पीरमा पर्यो भनिदिनु
भऱ्याङ भर्खर चढ्दै थियो पहिलो खुड्किलामै लड्यो भनिदिनु
कसरी यस्तो भयो भनि हल्ला चल्ला पक्कै,
तिमी स्वईच्छाले मर्यो भनिदिनु, तिमी मुस्कुराउँदै मर्यो भनिदिनु ।

सपना त केही देख्थयो होलानी भनी भन्लान् कसैले
तिमी सपनाकै शिखरबाट झर्यो भनिदिनु
ढकमक्क फूल बारीमा थियो, आज उस्कै फोटोमा सर्यो भनिदिनु
कस्तो पापी रहेछ हेर, आफ्नै सपनालाई ठग्यो भनिदिनु
आँसु साँच्चै छिट्टै बग्थ्यो, त्यही आँसुमै बग्यो भनिदिनु
भोली पक्कै चर्चा चल्छ, तिमी मुस्कुराउँदै मर्यो भनिदिनु ।
भोली पक्कै चर्चा चल्छ, तिमी स्वईच्छाले मर्यो भनिदिनु ।

## गाउँखाने कथा

१. हरियो चरीको दुवैतिर पुच्छर ।
• दुना

२. रुख सानो भएपनि चढ्न सकिँदैन, छाएपछि पोल्छ तर आगो भनिदैन ।
• सिस्नु


३. लामो–ठूलो जे भए नि छैन कति बल, पाकेपछि खान हुने साऱ्है मीठो फल ।

• मेवाको रुख

४. सानी–सानी नानी हाम्रो खराब छ बानी, धेरै खाँदा आँखाबाट झर्ने गर्छ पानी ।
• खुर्सानी

५. काट्छन् जसले उसलाई आफैं रुन थाल्छ, खायो भने शरीरको गर्मी सबै फाल्छ ।
• प्याज

# मुक्तक



**उर्मीला नेपाली**

आफ्नो प्रबाह नगरी अरु बचाउने पो राम्रो ब्यक्ति हुन्छ
आफू दुखी हुँदा पनि अरु हसाउने पो राम्रो ब्यक्ती हुन्छ
सुख दुख जिन्दगीको एउटा गोरेटो न हो सानू
अरु रुँदा आफ्नो आँखा रसाउने पो राम्रो ब्यक्ती हुन्छ

पुल बनाउन ढुङ्गा बोक्दा बादर हनुमान बन्यो
मन्दिरमा सजाउदा पत्थर भगवान बन्यो
तिमी जिन्दगीमा अघि कहिलै बडन सकेनौ
त्यसैले न इज्जत न राम्रो पहिचान बन्यो

*कक्षा-१२, सिद्धार्थ मा.वि., हेटौंडा-२*

# सातको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: बौद्धिक कार्यका माध्यमबाट प्रतिष्ठा कमाउन सकिने छ । इच्छाशक्ति बढ्नाले चिताएका वा हाँके/ताकेका काम सजिलै सम्पादन हुनेछन् । प्रेमले भावनाको उदय हुनेछ । आफ्नो क्षेत्रमा अधिकार जमाउन सकिने छ । कामकाजमा व्यक्तित्व निर्माणको समय रहेको छ । धार्मिक तथा सामाजिक काममा समय व्यतित होला । अध्ययन–अध्यापन मध्यमकारक छ ।

**वृष राशि**: केही समय विश्राम लिनु उचित हुन्छ । आयस्रोत र पदप्रतिष्ठामा वृद्धि हुने छ । व्यापार–व्यवसाय मध्यमकारक छ । आत्मविश्वासमा वृद्धि हुने छ । समुचित परिणाम प्राप्त गर्न धौ धौ पर्ने समय छ । अध्ययन–अध्यापन मध्यमकारक रहने समय छ । धार्मिक र परोपकारजन्य काममा समय व्यतित हुनेछ । वैदेशिक प्रयोजनको काममा मन जाने छ ।

**मिथुन राशि**: सामाजिक क्रियाकलाप र बाध्यतापूर्ण काममा अल्मलिने समय योग छ । साथीसँगी र इष्टमित्रको सहयोग लिन/दिन सकिने छ । आर्थिक उपलब्धी लिन सकिने समय छ । कामकाजमा दौडधूप बढ्ने छ । दु:खीको सहयोगले भाग्यवृद्धि । परोपकारजन्य काम र धार्मिक कृत्यमा सरिक भइने छ । आफन्तसँग भेटघाट होला ।

**कर्कट राशि**: कलात्मक पेशामा मन जाला । सम्बन्धमा देखिएका कमी कमजोरीलाई सुधार गरेर अगाडी बढिने बढिने छ । सभा समारोहमा सरिक भइएला । भौतिक सुख र आनन्दको चिन्ताले सताउने समय छ । प्रतिक्रियालाई वेवास्ता नगर्दा राम्रो रहन्छ । विवेकको सही सदुपयोग गर्दा राम्रैं रहन्छ । लेखाइ, पढाई र धार्मिक कार्यमा सरिक ।

**सिंह राशि**: आर्थिक गतिविधिलाई व्यवस्थापन गर्नु आजको मूख्य विषय बन्न सक्छ । कार्यक्षेत्रमा बढ्दै गएको प्रतिस्पर्धाका कारण काम गर्न उत्साह थप्ने छ । मनमा अदाय, उत्साह र क्रियाकलापमा शिघ्रता देखिने छ । चोटपटक र दुर्घटनाबाट बच्नु बचाउँनु होला । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । लामो समयदेखि अल्झिएका कामहरु बन्ने समय छ ।

**कन्या राशि**: बजेटलाई सन्तुलनमा राख्दा राम्रो होला । योजनाका काममा लगानी बढ्ने समय योग छ । सबल र दुर्बल पक्षमा पनि चिन्तन होला । व्यापार–व्यवसायहरु मध्यमकारक रहलान् । नोकरीमा कुनै त्रुटि हुनेछ । बाध्यात्मक परिस्थितिले अलमल्याउला । विद्या प्राप्ती र पठनपाठनका क्षेत्रका काममा मन जाला । धार्मिक कृत्यमा सरिक भइने छ ।

**तुला राशि**: हिजो अस्तिका तुलनामा आय वृद्धि हुनेछ । कामको थालनी गर्ने समयको योग छ । मिहिनेती र लगनशील बन्दा आजको प्रयासले भविष्यमा राम्रो फाइदा हुनेछ । हाँके ताकेका काममा सफलता प्राप्त होला । विवेकको सही सदुपयोग गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यम छ । धार्मिक र सामाजिक दायित्व बढ्ने समय योग देखिन्छ ।

**वृश्चिक राशि**: आफन्तबाट भने जस्तो सहयोग प्राप्त हुनेछ । आत्मविश्वास जाग्ने समय योग छ । काममा बाधा हुने छैन । प्रयास गरेमा नवीन रोजगारीको अवसर पाउन सकिने छ । कारोबारमा वृद्धि हुने समय छ । बुद्धिकौशल र बाहुबलको प्रयोग गर्नुपर्ने हुन्छ । अध्ययन–अध्यापनका कामहरु मध्यमकारक हुन्छन् । शारीरिक तनाव बढ्ने समय योग रहेको छ । धार्मिक कृत्यबाट सोचे भन्दा बढी लाभ प्राप्त होला ।

**धनु राशि**: एउटै कामबाट लाभ समेत मिल्न सक्छ । दीर्घकालिक कुनै योजना छन् भने मानसिकता बनाउँदा राम्रो हुन्छ । जग्गा जमिनप्रति आकर्षण देखाएमा भविष्यमा राम्रो रहला । बन्दव्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ । अप्ठ्यारा परिस्थितिलाई पनि सहज बनाउन सकिने तथा चुनौति सामना गरिने छ ।

**मकर राशि**: स्वास्थ्य स्थिति कमजोर हुने समय हो । खानाप्रति अरुची हुन सक्नु । व्यापार–व्यवसाय मध्यमकारक छ । अप्ठ्यारो धन उकास्न सकिने छ । दानपुण्यप्रति लगानी गरिने छ । परोपकारजन्य काममा लगानी बढ्ला । काम बिग्रने भयले सताउने छ । पढाई–लेखाई मध्यमकारक छ । धार्मिक काममा मन जाने छ ।

**कुम्भ राशि**: आम्दानी बढ्ने समय योग छ । उपहार र चिठ्ठा हात पर्न सक्छ । आत्मीय मित्रसँग मन फुकाएर काम गर्न सकिने छ । दाम्पत्य जीवन सुखद रहने समय छ । समय मनोरञ्जनपूर्ण रहने समय छ । भेटघाटमा समय व्यतित होला । धार्मिक र परोपकारजन्य काममा समय व्यतित होला । पढाई–लेखाई ठिकै छ ।

**मीन राशि**: चुनौति संघर्षपूर्ण समय योग छ । प्रतिस्पर्धामा दौडधूप गर्दा विजय प्राप्त हुने समय छ । न्याय, सुरक्षा र प्रशासनमा समय व्यतित होला । स्वास्थ्य सबल रहने समय छ । शत्रुहरुको चलखेल बढ्ने समय योग छ । क्षमता प्रदर्शन गरी आय वृद्धि गर्न सकिने छ । धार्मिक यात्रामा सरिक भइने छ ।

# नव बर्षको शुभकामना



**कृष्णकुमार वैद्य**

बर्षको अन्तिम साँझ
डुब्न लागेको घाम हेरिरहँदा
विगतका विस्मृत भोक र शोकको
तितो यथार्थ छचल्किएता पनि भोलिको
सुनौलो सूर्योदय आशाका किरण सम्झिरहेछु ।

एकनास हुँदैन समय
पानीमा माछाले कमिला निल्छ
पानी सुकेपछि कमिलाले माछा खान्छ
काल र परिस्थितिले फरक नतिजा ल्याउँछ
हरेक पल जगतको गतिशीलता नियालीरहेछु ।

सिरेटो सहेर सखारै
जोश जाँगर उमंग बोकेर लस्कर
भिडभाडमा लम्किरह्यो सबको गन्तव्य
भावनाको शब्दहरू बाँड्दै औपचारिकतामा
जन जनमा नव बर्षको शुभकामना चढाइरहेछु ।

*बनेपा ९, काभ्रे*

# 'आमा



**कृतिका हुमागाई**

आफू हुर्किएको घरमा-संसार गरिन त्याग ।
रहेन कहिल्यै श्रीमानसँग कुनै कुराको माग ।

बोकिन काधमा छोराछोरीको जिम्मेवारी,
खुसी हुन मात्र चाहिने उनलाई चोली र सारी ।

गतिको कुरा नगर म सङ, प्रकाश अनि पवनको
त्यो भन्दा पनि छिटो कुरा बुजछिन मेरो छातिको ।

हुन्छ होला मेरो कुरा बुवासँग, धनको
उनी मात्र हुन, कुरा बुझ्ने मेरो मनको

उनीसँग हो पहिलो पटक म रमाएको कति मिठो बोल्छौ
तिमी भन्छौ नि यहि त हो सस्कार मेरो आमाको ।

*कक्षा-१९, सिद्धार्थ मा.वि, हेटौंडा-२*

# गजल



**उर्मीला नेपाली**

मेरो जीवन तिम्रो लागि लाग्छ काँडेतार भो
लड्न पनि नसकिने लाग्न ठुलो बार भो

सम्झना बगिदिन्छ बलिन्धारा आशु त्यसै
लजालु यो नयन पनि लाग्छ गहिरो ताल भो

प्रतिस्पर्धा हुँदो रहेछ मायाको यो खेलमा
पहिलो पल्ट तिम्रो सामु मेरो हार भो

पराजित भईसकेँ दुनियाँको सामु मत
स्वार्थी यो दुनियामा लाग्छ बाँच्न बेकार भो

*बागमती गाउँपालिका वडा-४*

## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक ।**

## माइग्रेसन हराएको सुचना

मकवानपुर बहुमूखी क्याम्पस २०६८ सालमा दश जोड दुई (10+2) तह उत्तीर्ण गरी राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको माइग्रेसन सर्टिफिकेट दिनेश रुम्बाको (रजिष्ट्रेशन नम्बर ६४३१०२७६८, सिम्बोल नम्बर ३३१००१३६) मिति २०८० साल चैत्र २७ गतेका दिन हेटौंडा बजारबाट क्याम्पस जाने क्रममा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क: ९८४५१४७०२०**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३0
Email:sambridhasamaj@gmail.com

# प्राध्यापकलाई जन्मदिनमा पुस्तक उपहार



*उपप्राध्यापक सरोज पौडेललाई जन्मदिनको अवसरमा पुस्तक हस्तान्तरण गर्नुहुँदै क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाल ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसका प्राध्यापकलाई जन्मदिनको अवसरमा पुस्तक उपहार दिन सुरु गरिएको छ । पब्लिक क्याम्पस प्राध्यापक संघको अग्रसरतामा प्राध्यापकहरुलाई सान्दर्भिक उपहार रहने र समाजमा अन्य क्षेत्रलाई पनि पठनसंस्कृतिको विकासमा सहभागी हुन प्रेरित गर्ने उद्देश्यले २०८१ सालको सुरुवातसँगै प्राध्यापकलाई जन्मदिनमा पुस्तक उपहार दिन सुरु गरिएको हो ।

बैशाख १ गते जन्मदिन परेका उप-प्राध्यापक सरोज पौडेललाई बैशाख २ गते आइतबार पुस्तक उपहार प्रदान गरिएको छ । प्राध्यापकको उपस्थितिमा क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालले पौडेललाई उपहारस्वरुप पुस्तक हस्तान्तरण गर्नुभयो । बैशाख महिनाभरका लागि आवश्यक पुस्तकको प्रायोजन क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालले गर्नुभएको छ । मोहन मैनालीले लेख्नुभएको पुस्तक "मुकाम रणमैदानः नेपाल अंग्रेज युद्धको बखान" हस्तान्तरण गरिएको छ ।

१८७१-७२ सालको नेपाल-अंग्रेज युद्धमा नेपाली र अंग्रेज सिपाही तथा कमान्डरहरुले लेखेका चिठीका इतिवृत्तान्तहरुलाई मैनालीले किताबको विषयवस्तु बनाउनुभएको छ। कतै सार्वजनिक नभएका, राष्ट्रिय अभिलेखालयका माइक्रोफिल्ममा अनि राता कपडाका पोकामा अनेक कागजपत्रका बिच कतैकतै भेटिने, कतैकतै पढ्न नमिल्ने गरी धुलिएका, नबुझिने भएका अनि अहिलेको भन्दा अलि फरक अक्षर, फरक भाषा र फरक शब्दमा लेखिएका ती चिठीका शब्दशब्दका अर्थ बुझेर मैले त्यो लडाइँबारे अहिलेसम्म बाहिर नआएका कुरा किताबमा समेटिएको छ ।

मकवानपुर बहुमुखी क्याम्पसमा ८५ जना प्राध्यापक छन् । प्राध्यापकलाई पुस्तक उपहार कार्यक्रममा प्राध्यापक संघले हेटौँडा-४ स्थित किताबघरसँग सहकार्य समेत गरेको छ । किताबघरले पुस्तकको मूल्यमा सहुलियत प्रदान गर्ने गरी सहकार्यको प्रयास भएको प्राध्यापक संघका अध्यक्ष घिमिरेले जानकारी दिनुभएको छ ।

## केन्द्रीयस्तरको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न

# सूदुरपश्चिम पहिलो हुँदा बागमती प्रदेश दोस्रो

समाज संवाददाता

हेटौंडाः राष्ट्रय खेलकुद परिषद् (राखेप)को आयोजनामा भएको केन्द्रीयस्तरको राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। मंगलबार काठमाडौंको दशरथ रंगशालामा सुरु भएको प्रतियोगिता बुधबार सम्पन्न भएको हो ।

प्रतियोगितामा सुदूरपश्चिम प्रदेशले १९ वटा स्वर्ण, १२ वटा रजत र १८ वटा कास्य गरी ४९ पदक प्राप्त गर्दै प्रथम भएको छ भने दोस्रो हुने बागमतीले १७ वटा स्वर्ण, १३ वटा रजत र १५ वटा कास्य गरी ४५ वटा पदक प्राप्त गरेको छ । कर्णाली प्रदेशले १० वटा स्वर्ण, ५ वटा रजत र १६ वटा कास्य गरी ३१ वटा पदक प्राप्त गर्दै तेस्रो भएको हो । यस्तै, कोशी प्रदेशले ८ स्वर्ण, ९ रजत र ९ कास्य प्राप्त गर्दै चौथो स्थानमा परेको छ भने लुम्बिनीले ६ स्वर्ण, ११ रजत र १८ कास्य पदक प्राप्त गर्दै पाँचौं स्थानमा परेको छ । गण्डकीले ३ स्वर्ण, १० रजत र १३ कास्य पदक प्राप्त गर्दै छैटौं भएको छ ।

भलिबलतर्फ लुम्बिनी प्रदेश प्रथम, बागमती द्वितीय र गण्डकी तृतीय भएको छ । कराँतेतर्फको खेलमा ४ स्वर्ण, २ रजत र २ कास्य पदक प्राप्त गरेको बागमती प्रदेश प्रथम भएको छ । २ स्वर्ण, ५ रजत र १ कास्य पदक प्राप्त गर्दै कोशी प्रदेश द्वितीय भएको छ । २ स्वर्ण, १ रजत र १ कास्य पदक प्राप्त गरेको लुम्बिनी तृतीय भएको छ । कराँतेमा सुदूर पश्चिम र कर्णाली प्रदेशले समान २ स्वर्ण र ५ कास्य प्राप्त गरेको छ । मधेश प्रदेशले ३ रजत र ४ कास्य तथा गण्डकी प्रदेशले १ रजत र ५ कास्य पदक प्राप्त गरेको छ ।

तेक्वान्दोतर्फ ४ स्वर्ण, १ रजत र ५ कास्य पदक प्राप्त गर्दै बागमती प्रदेश प्रथम भएको छ । ३ स्वर्ण, ३ रजत र ५ कास्य पदक प्राप्त गरेको कोशी प्रदेश द्वितीय भएको छ भने ३ स्वर्ण र ३ कास्य पदक प्राप्त गरेको सुदूरपश्चिम प्रदेश तृतीय भएको छ । यस्तै, मधेश प्रदेशले १ स्वर्ण, १ रजत र ४ कास्य पदक प्राप्त गर्दा कर्णाली प्रदेशले १ स्वर्ण र १ रजत पदक प्राप्त गरेको छ । स्वर्णबिहीन भएको गण्डकी र लुम्बिनी प्रदेशले क्रमशः ३ रजत, ४ कास्य र ३ रजत र ३ कास्य पदक प्राप्त गरेको छ ।

उसुतर्फको खेलमा ५ स्वर्ण, ५ रजत र २ कास्य पदक प्राप्त गर्दै बागमती प्रदेश प्रथम भएको छ । ५ स्वर्ण, ३ रजत र ३ कास्य पदक प्राप्त गरेको सुदूरपश्चिम प्रदेश द्वितीय भएको छ भने २ स्वर्ण र २ रजत पदक प्राप्त गरेको कोशी प्रदेश तृतीय भएको छ । स्वर्णबिहीन हुँदै लुम्बिनी प्रदेशले २ रजत र ५ कास्य पदक प्राप्त गरेको छ भने कर्णाली प्रदेशले २ रजत र ४ कास्य पदक प्राप्त गरेको छ, यस्तै, गण्डकी प्रदेशले २ वटा कास्य पदक प्राप्त गरेको छ ।

कबड्डीतर्फको खेलमा सुदूरपश्चिमले २ वटा स्वर्ण पदक प्राप्त गर्दै प्रथम भएको छ भने लुम्बिनीले १ रजत र १ कास्य पदक प्राप्त गर्दै द्वितीय भएको छ । बागमती, कर्णाली र मधेश प्रदेशले समान १-१ वटा रजत पदक प्राप्त गरेको छ । कोशीले १ रजत पदक प्राप्त गरेको छ । गण्डकी प्रदेश पदकबिहीन बन्न पुगेको छ ।

एथ्लेटिक्सतर्फको खेलमा सुदूरपश्चिम प्रदेशले ७ वटा स्वर्ण, ९ वटा रजत र ७ वटा कास्य पदक प्राप्त गर्दै प्रथम भएको छ । कर्णालीले ७ स्वर्ण, २ रजत र ५ कास्य पदक प्राप्त गर्दै द्वितीय भएको छ । बागमती प्रदेशले ३ स्वर्ण, ५ रजत र ५ कास्य पदक प्राप्त गर्दै तृतीय भएको छ भने लुम्बिनी प्रदेशले ३ स्वर्ण, ४ रजत र ७ कास्य पदक गर्दै तालिकाको चौथो स्थानमा परेको छ । गण्डकी प्रदेशले ३ स्वर्ण, ४ रजत र २ कास्य पदक प्राप्त गर्दै तालिकाको पाचौं स्थानमा परेको छ । २ स्वर्ण र २ रजत पदक प्राप्त गरेको मधेश तालिको छैठौं स्थानमा परेको छ भने तालिकाको पुच्छारमा परेको कोशी प्रदेशले १ स्वर्ण र १ रजत पदक प्राप्त गरेको छ ।

# आगलागी नियन्त्रण सम्बन्धी अभ्यास प्रदर्शन



*आगलागी नियन्त्रणको अभ्यास गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः सशस्त्र प्रहरी बल नेपाल १४ नम्बर गण हेडक्वार्टरको आयोजनामा आगलागी नियन्त्रण सम्बन्धी अभ्यास प्रदर्शन गरेको छ । शुक्रबार हेटौँडा-८ स्थित हेटौँडा कपडा उद्योगको विद्यालय क्षेत्रमा अभ्यास प्रदर्शन गरिएको हो ।

सशस्त्र प्रहरी बागमती प्रदेश विपद् व्यवस्थापन गुल्म, रेडक्रस सोसाईटी मकवानपुर जिल्ला शाखा, हेटौंडा उपमहानगरपालिका नगर प्रहरी समेतको सहभागितामा संयुक्त रुपमा विपद् व्यवस्थापन अन्तर्गत आगलागी नियन्त्रण सम्बन्धी अभ्यास प्रदर्शन भएको हो । कार्यक्रममा गर्मीको समयमा आगलागी कसरी हुन्छ ? आगलागीका घटनाबाट कसरी सजकता अपनाउने ? आगलागी भएको अवस्थामा कसरी आगो नियन्त्रणमा लिने ? भन्ने विषयमा अभ्याससहित जानकारी गराएको थियो ।

सशस्त्र प्रहरी बल नेपाल १४ नम्बर गण हेडक्वार्टर मकवानपुरका गणपति सशस्त्र प्रहरी उपरीक्षक ज्ञान प्रसाद भुर्तेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा वडा अध्यक्ष रामकृष्ण थापा, हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयकी संगीता कुँवर, जिल्ला प्रशासन कार्यालय मकवानपुरका अधिकृत सरोज पौडेल, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरका प्रमुख लक्ष्मण भट्टराईको उपस्थिति रहेको थियो ।

# कक्षा-१२ को परीक्षा सञ्चालनबारे अभिमुखीकरण




समाज संवाददाता

हेटौंडाः बैशाख १४ गतेबाट सुरु हुन लागेको कक्षा-१२ को परीक्षा सञ्चालनको विषयमा अभिमुखीकरण कार्यक्रम भएको छ । राष्ट्रिय परीक्षा बोर्डको हेटौंडा शाखाले परीक्षा केन्द्रका केन्द्राध्यक्षहरुलाई परीक्षा सञ्चालनबारे शुक्रबार अभिमुखीकरण गरेको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको सभाहलमा भएको अभिमुखीकरण कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईको सभाध्यक्षता रहेको थियो । आगामी बैशाख १४ गतेदेखि २६ गतेसम्म हुन लागेको कक्षा-१२ को परीक्षाका लागि मकवानपुर जिल्लाका १९ वटै परीक्षा केन्द्रका केन्द्राध्यक्षहरुको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम भएको बताइएको छ ।

प्रमुख जिल्ला अधिकारी सेढाईले परीक्षा सञ्चालनको क्रममा अनुगमनको विषयमा फरक तरिकाले योजना बनाइरहेको बताउनुभएको छ । परीक्षा हुनुअघि नै प्रश्नपत्र बाहिरिन सक्ने कुरालाई विशेष प्राथमिकतामा राख्न उहाँले आग्रह गर्नुभयो । कक्षा-१२ को परीक्षा चुनौतीपूर्ण हुने भएकाले परीक्षालाई मर्यादित तरिकाले सम्पन्न गर्ने कार्यमा सबै केन्द्राध्यक्ष लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालले सुरक्षाको सन्दर्भमा परीक्षालाई मर्यादित बनाउन पर्याप्त ध्यान दिइने बताउनुभयो। परीक्षा केन्द्रमा प्रहरी परिचालनमा कुनै पनि कमीकमजोरी हुन नदिने उहाँको भनाइ छ। कक्षा-१० को माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सुरक्षा व्यवस्था प्रभावकारी बनाएर शान्तिपूर्ण ढंगबाट परीक्षा सम्पन्न गरेको उहाँले बताउनुभयो। शिक्षा विकास समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमले मापदण्डअनुरुप परीक्षा सञ्चालनका लागि उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने बताउनुभएको छ । परीक्षालाई मर्यादित तथा शान्तिपूर्ण तरिकाले सम्पन्न गर्नका लागि इकाईबाट आफूले गर्नुपर्ने कामबाट पछि नपर्ने बताउनुभयो ।

# ३२ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, पारिजातपथस्थित सिटिजन्स बैंकको १७ औं वार्षिक उत्सवको अवसरमा रक्तदान कार्यक्रम भएको छ । शुक्रबार बिहान भएको रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका हुन् ।

कार्यक्रममा २८ जना पुरुष र ४ जना महिलाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रम रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ ।

शनिबार बिहान हेटौंडा-१० स्थित बुद्धचोकमा गोर्खा सरकारी संस्थाको अयोजनामा र बैशाख १८ गते एसियन पेन्ट्सको आयोजनामा रक्तदान कार्यक्रम हुने प्राविधिक सापकोटाले बताउनुभयो । यसअघि मंगलबार हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसको र बुधबार नेपाल प्रहरी श्रीमती संघ बागमती प्रदेशको आयोजनामा रक्तदान कार्यक्रम भएको थियो ।

# ५३ जनाको निःशुल्क शल्यक्रिया

समाज संवाददाता

हेटौंडाः तिलगंगा सामुदायिक आँखा केन्द्र पालुङ र हेटौंडा सामुदायिक आँखा अस्पतालको आयोजनामा १ दिने आँखा शिविर भएको छ । शिविरमा ७० जनाको आँखामा मोतिविन्दुको समस्या देखिएको हेटौंडा आँखा अस्पतालका वरिष्ठ प्रशासकीय अधिकृत सुधीर श्रेष्ठले जानकारी दिनुभयो ।

३ गते थाहानगर पीलका-४, दामनस्थित बज्रबाराही स्वास्थ्य चौकी, ५ गते बुधबार कैलाश गाउँपालिका-५ स्थित गोगने स्वास्थ चौकी र डाँडाखर्क स्वास्थ्य चौकी र सामुदायिक आँखा केन्द्र पालुङमा भएको शिविरमा ४ सय ५० जनाको आँखा परीक्षण गराएकोमा ७० जनामा मोतिविन्दु पाइएको थियो । मोतिविन्दु भएकामध्ये ५३ जनाको निःशुल्क शल्यक्रिया गरिएको र बाँकी १७ जनाको अन्य रोगका कारण शल्यक्रिया हुन नसकेको श्रेष्ठले जानकारी दिनुभयो ।

शिविर थाहा नगरपालिकाको समन्वय तथा भिजन हिमालयन फाउण्डेसनको सहयोगमा भएको थियो । मोतिविन्दुको शल्यक्रिया डा. सुनिल थकालीले गर्नुभएको थियो । पालुङ जेसीज र लायन्स क्लब अफ पालुङको स्वयम्सेविकाको सहयोगमा शिविर भएको थियो ।

# कक्षा १२ का विद्यार्थीसँग फेरि भेटौँला कार्यक्रम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले कक्षा १२ को अध्ययन पूरा गरी परीक्षाको तयारी गरिरहेका विद्यार्थीका लागि परीक्षाको शुभकामना तथा फेरि भेटौँला कार्यक्रम गरेको छ । बिहिबार र शुक्रबार दुईदिन क्याम्पसकै सभाकक्षमा प्राचार्य सन्देश विडारीको अध्यक्षता तथा निमित्त क्याम्पस प्रमुख संगम चौलागाईको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा कक्षा १२ अन्तर्गत विज्ञान, वाणिज्य, मानविकी र शिक्षाशास्त्र संकायका विद्यार्थीलाई छुट्टाछुट्टै समयमा शुभकामना आदानप्रदान तथा फेरि भेटौँला कार्यक्रम गरिएको हो। परीक्षामा सहभागी हुने विद्यार्थीलाई परीक्षामा ध्यान दिनुपर्ने कुरा, स्नातक तहमा विषय छनोटमा ध्यान दिनुपर्ने पक्षका बारेमा जानकारी गराइएको थियो । कार्यक्रममा पब्लिक क्याम्पस प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईका अध्यक्ष घनश्याम घिमिरे, स्वतन्त्र विद्यार्थी युनियन मकवानपुर बहुमुखी क्याम्पसका अध्यक्ष छोइसाङ तामाङको पनि आतिथ्य रहेको थियो। राष्ट्रिय परीक्षा बोर्डले यही बैशाख १४ गतेदेखि वार्षिक परीक्षा सञ्चालन गर्ने गरी तालिका सार्वजनिक गरेको छ ।

# दवाडी मृत फेला

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१३, ब्रह्मपुरीमा एक पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ६० वर्षीय हरिहर दवाडी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दवाडी घरमा एक्लै बस्दै आएकोमा लडिरहेको अवस्थामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.८
हेटौंडा, मकवानपुर
The Voice of Community

विद्याधनम् सर्वधनम् प्रधानम् ।।
विद्यार्थी भर्नासम्बन्धी सूचना
शैक्षिक सत्र २०८१ का लागि निशूल्क भर्ना, पाठ्यपुस्तक, भोजन तथा आवासीय सुविधा समेत निशूल्कसहित संस्कृत वेद विद्यालयमा कक्षा-५ देखि कक्षा-८ सम्म भर्ना खुल्यो । सीमित सिट भएकोले यथाशिघ्र सम्पर्क गरी भर्ना गराउनु हुन विद्यार्थी तथा अभिभावक वर्गमा जानकारी गराइन्छ । व्यक्तित्व विकासका लागि संगीत, योग तथा कम्प्युटरसम्बन्धी विशेष प्रशिक्षणको समेत व्यवस्था गरिएको छ ।
सम्पर्कः ९८५५०-६७३२३/९८४५५-३५४३४
श्री संस्कृत वेद विद्यालय
हेटौँडा-१०, गोरक्षेश्वर दिव्यधाम, राप्तीतट

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ